आज मिति २०७७ साल कार्तिक महिनाको ०४ गते मंगलबारका दिन पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री अस्मान तामाङज्यूको अध्यक्षतामा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, (District Covid-19 Crisis Management Centre) को बैठक देहायको उपस्थितिमा बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति

| | |
|---|---|
| अध्यक्ष श्री अस्मान तामाङ | प्रमुख जिल्ला अधिकारी, पर्सा |
| सदस्य श्री डा. संजय कुमार ठाकुर | मे.सु. नारायणी अस्पताल, बीरगंज, पर्सा |
| सदस्य श्री भिमकान्त पौडेल | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, पर्सा |
| सदस्य श्री मदनजंग राणा | प्रमुख सेनानी, चण्डी प्रसाद गण, पर्सा |
| सदस्य श्री गंगा पन्त | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का.,पर्सा |
| सदस्य श्री राजेन्द्र खड्का | सशस्त्र प्रहरी उपरीक्षक, स.प्र.ब. नेपाल, पर्सा |
| सदस्य श्री टिका प्रसाद पोखरेल | उप-अनु. निर्देशक रा.अ.जि. कार्यालय, पर्सा |
| सदस्य श्री कामेश्वर प्रसाद चौरसिया, | बरिष्ठ जनस्वास्थ्य अधिकृत, जि.स्वा.का. पर्सा |

आमन्त्रित:

| | |
|---|---|
| श्री डा. रमेश मिश्र | जिल्ला आयुर्वेद कार्यालय, पर्सा |
| श्री डा. उदय नारायण सिंह | नारायणी अस्पताल,वीरगंज, पर्सा |

निर्णयहरु

१. कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद आ-आफ्नो ठाउँबाट संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझै निरन्तरको सहयोग, साथ र सहभागिताको लागि सम्बन्धित सबैमा धन्यवाद व्यक्त गरियो ।

२. जिल्ला प्रहरी कार्यालय, पर्साको च.नं. ५०६७, मिति २०७७-०६-२२ गतेको पत्रानुसार कोभिड-१९ संक्रमित व्यक्ति, सुरक्षाकर्मी, थुनुवाहरुलाई क्वारेन्टाईन तथा आईसोलेसनमा ल्याउन-लैजान तथा शव व्यवस्थापनमा प्रयोग भएमा एम्बुलेन्सहरुका चालकहरु मो. मोम्ताज अंसारी, सरोज खान र रमेश पण्डित गरी तीन जनालाई खाना खर्च वापत एकमुष्ठ रु ६,५००।- (छ हजार पाँच सय) र संचार सेवा शुल्क (मोबाईल खर्च) एकमुष्ठ रु. ३०००।- (तीन हजार) गरी जम्मा ९,५००।- (नौ हजार पाँच सय) उपलब्ध गराउनुका साथै एम्बुलेन्स चालक रमेश पण्डित र मो.मोम्ताज अंसारी गरी दुई जनालाई प्रति व्यक्ति प्रति दिनको रु.७०० (सात सय) का दरले ६८ दिनको भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

३. मिति २०७७ भदौ १८ गतेका दिन बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको निर्णयानुसार नारायणी अस्पतालमा बढीमा ३ (तीन) महिनाको लागि जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र, पर्साबाट पारिश्रमिक पाउने गरी करार सम्झौता गरी काम काज गर्न खटाउने भनी तोकेको ल्याब टेक्निसियन मिथलेस चौरसियाले विविध कारणले सम्झौता नगरेकोले निजको सट्टा करार सम्झौता गरी काम काजमा खटाईएका श्री नन्दन कुमार सिंहलाई सोही निर्णय बमोजिम हुने गरी पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

४. कोभिडको अवस्था विश्लेषणको आधारमा नारायणी अस्पतालका कोभिड विशेष डायलायसिस तथा अन्य कोभिड उपचार तथा परामर्श सम्बन्धी कार्य गर्न मेडिकल अधिकृत सहरको सेवा सुविधा पाउने गरी डा. निरज कुमार सिंहलाई ३ (तीन) महिनाको लागि सेवा करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

५. हाल कम्युनिटी आईसोलेसनको रुपमा संचालित गोपाल मण्डली धर्मशालालाई आवश्यकता अनुसार कोभिड अस्पतालको रुपमा संचालन गर्ने मिल्ने गरी संचालन गर्ने निर्णय गरियो ।